कार्यपालिकाको नवौं बैठकको एजेन्डाहरु

१) योजना तर्जुमाको कार्यतालिका सम्वन्धमा ।

२) मनसुनजन्य पुर्वतयारी प्रतिकार्य योजना स्वीकृत सम्वन्धमा ।

३) नगरपालिकास्तरीय सरसफाई समिति गठन सम्वन्धमा ।

४) आयोजना सम्झौता म्याद थप गर्ने सम्वन्धमा ।

५) आयोजना शिर्षकान्तर सम्वन्धमा ।

६) खरिद इकाईको प्रतिवेदन प्रस्तुति सम्वन्धमा ।

७) काठ लिलाम अनुमोदन सम्वन्धमा ।

८) विभिन्न आयोजना/कार्यक्रम माग सम्वन्धी आवेदनहरु सम्वन्धमा ।

९) गाई/भैसी खरिद साझेदार कार्यक्रम सम्वन्धमा ।

१०) सामुदायिक विद्यालयको राहत दरवन्दी र परीक्षा संचालन सम्वन्धमा ।

११) कर्मचारीको हाजिरी सम्वन्धमा ।

१२) गैरसरकारी संस्था गठन, परिचालन, समन्वय र व्यवस्थापन सम्वन्धी कार्यविधि स्वीकृत सम्वन्धमा ।

१३) विविध

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## कार्यपालिकाको नवौं बैठकको निर्णयहरु

स्थान : महांकाल सदन

मिति : २०७९/१२/१३

निर्णय नं. १ : भीमेश्वर नगरपालिकाको आ. व. २०८०/०८१ को योजना तर्जूमाका लागि कार्यतालिका बनाई आवश्यक तयारी थाल्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २ : यस वर्षको वर्षातको मनसुनलाई मध्यनजर गरी पूर्वतयारी, सजग तथा सावधानी अपनाउन भीमेश्वर नगरपालिकाले तयार गरेको मनसुनजन्य पुर्वतयारी प्रतिकार्य योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकालाई सफा तथा स्वच्छ नगरपालिकाको रुपमा विकास गर्न विशेष गरी भिमेश्वर नगरपालिकाको वडा नं. २, ३ र ६ को बजार क्षेत्रमा फोहोरमैला व्यवस्थापन कार्यका लागि सहजीकरण गर्न तपसिल बमोजिमको नगरस्तरीय सरसफाई समन्वय समिति गठन गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री नविन कुमार लामा , वडा अध्यक्ष, वडा नं. ६ |
| सदस्य | श्री स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २ |
| सदस्य | श्री हरिशरण शिवाकोटी वडा अध्यक्ष, वडा नं. ३ |
| सदस्य | श्री विनोद तामांग वडा अध्यक्ष, वडा नं. ७ |
| सदस्य | ई. श्री नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर, भीमेश्वर नगरपालिकाको कार्यालय |
| सदस्य सचिव | श्री ज्ञानु कुमार खड्का, शाखा अधिकृत, भीमेश्वर नगरपालिकाको कार्यालय |

निर्णय नं. ४ : भीमेश्वर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको सम्झौता अन्तिम पटक २०७९ साल चैत्र मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : भीमेश्वर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रमलाई आवश्यकताका आधारमा नगरस्तरीय तथा वडा समितिबाट संशोधनका लागि सिफारिस भई आएका तपसिल बमोजिमका आयोजना/कार्यक्रमहरु शिर्षकान्तर तथा रकमान्तर गरी आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | नगर / वडा | आयोजनाको नाम | विनियोजित बजेट | संशोधित आयोजना | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १. | नगर | क) सि.नं. ८० कृषक पाठशाला<br>ख) सि.नं. ९१ रैथाने बाली | २ लाख<br>२ लाख | क) टनेल खेती, वडा नं. ४<br>ख) सामुहिक आलु खेती, वडा नं. ६ | २ लाख<br>२ लाख |
| २. | १ | स्वास्थ्य चौकी ट्रसको हल निर्माण | २ लाख ५० हजार | वडा कार्यालय व्यवस्थापन | २ लाख ५० हजार |
| ३ | ४ | सि.नं. ३९६ नागस्थान सिंचाई पोखरी | २ लाख ५० हजार | नागस्थान, मेलघुम्ती | २ लाख ५० हजार |

शिशिर पौडेल
प्रशासकीय

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | डाँडागाउँ पक्की गोरेटो बाटो निर्माण | |
| | | संशोधित योजना कृषक साझेदारीमा प्लास्टिक टनेल वितरण | ८० हजार | वडा कार्यालय घेरावार | ८० हजार |
| | | टेन्ट खरिद | ६० हजार | | ६० हजार |
| | | सि.नं. ३९२ उपल्लो डिही मर्यांगखोला सडक डीपीआर तयारी | १ लाख | भटमासे जिलु सडक | १ लाख |
| | | सि.नं. ४१५ भटमासे कालेदिवी सेतीदेवी मन्दिर निर्माण | १ लाख ५० हजार | क) देवीस्थान मन्दिर निर्माण<br>ख) कार्यालय सामाग्री खरिद | १ लाख<br>५० हजार |
| ४. | ५ | क) सि.नं. ४५०, ओडारे खेत अम्बोटे सिंचाई पोखरी निर्माण<br>ख) सि.नं. ४८५, बिचौर खेल मैदान<br>ग) सि.नं. ४७६ डिही वन गाउँ, छापगाउँ, देउपुजा, गैराबारी टोल खेल मैदान | क) ५० हजार<br>ख) ३ लाख<br>ग) १ लाख | सुनखानीडाँडा - जम्बुको धारा सडक स्तरोन्नति | ४ लाख ५० हजार |
| | | संशोधित योजना महिला समुह सशक्तिकरण (बिउ कोष) | ५० हजार | दिर्घ रोगी पोषण कार्यक्रम | ५० हजार |
| | | कलसरे घोगड़ी तथा पिप्ले कार्की गाउँ सडक स्तरोन्नति | १० लाख | कलसरे घोगड़ी तथा पिप्ले कार्की गाउँ पक्की गोरेटो बाटो | १० लाख |
| | | संशोधित योजना निर्माण सामाग्री व्यवस्थापन | ९० हजार | जिलु खानेपांनी | ९० हजार |
| ५. | ६ | सि.नं. ५०१, चौघर सुईरे गोरेटो बाटो निर्माण | २ लाख | डेरी सुईरे गोरेटो बाटो निर्माण | २ लाख |
| | | महिला सिप बिकास तथा क्षमता विकास कार्यक्रम | ३ लाख | क) महिला सिप बिकास तथा क्षमता विकास कार्यक्रम<br>ख) वडास्तरीय सडक मर्मत | २ लाख<br>१ लाख |
| ६. | ७. | सि.नं. ५५३,कुप्री स्वास्थ्य चौकी घेरावार | १ लाख | मकैबारी स्वास्थ्य चौकी | १ लाख |
| | | डीपीआर माप्चालिंग गुम्बा | १ लाख | शैक्षिक भ्रमण | १ लाख |
| | | सि.नं. ५४०, फुर्लुंग नेपाली गाउँ सडक | २ लाख | नेपाली गाउँ गोरेटो बाटो | २ लाख |
| ७. | ८ | क) सडक नाली तथा पहिरो हटाउने कार्य<br>ख) किवी विरुवा वितरण | ३ लाख<br>३ लाख | क) सडक नाली तथा पहिरो हटाउने कार्य र नयाँ ट्र्याक निर्माण | ५ लाख |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ख) कृषि औजार खरिद | १ लाख |
| | | सि.नं. ५८० विद्यालय शैक्षिक सुधार कार्यक्रम | ६ लाख | भौतिक सुधार ग्राउण्ड निर्माण | ६ लाख |
| ८. | ९ | मण्डली परिवारको दाहसंस्कार गर्ने क्षेत्र घेराबार निर्माण मसाने खोला | ३ लाख | मण्डली परिवारको दाहसंस्कार खोला किनारा नियन्त्रण मसाने खोला | ३ लाख |

निर्णय नं. ६ : भीमेश्वर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हाल सम्मको खरिद प्रक्रियाको प्रगति खरिद/ जिन्सी ईकाईबाट प्रस्तुत तथा समीक्षा गरियो ।

निर्णय नं. ७ : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट पुरानो माल जातको काठ लिलामको लागि क्युफिट र न्युनतम रकम तयारीका लागि जिल्ला वन कार्यलिय, दोलखामा लेखि पठाएकोमा जिल्ला वन कार्यालय, दोलखाबाट तयार भई आएको न्युनतम रकम रु ४, १३, ५०४/- (चार लाख तेर्ह हजार पांच सय चार) मा लिलाम बढाबढको प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : भीमेश्वर नगरपालिकामा विभिन्न आयोजना/कार्यक्रम माग सम्वन्धी आवेदनहरु कार्यपालिकाको बैठकमा पेश गर्ने र छलफल भए पश्चात मात्र स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : गाई वितरण कार्यक्रम कार्यविधि अन्तर्गत गाई खरिदका लागि साझेदारी गर्न सूचना प्रकाशन गरिएकोमा नगरपालिकाको भौगोलिक विविधताको हिसाबले कतिपय कृषकलाई गाई पालन गर्न ईच्छुक भएको र भैसी समेत पालन गरिरहेको सन्दर्भमा कृषकहरुले चाहेमा वडाको सिफारिसको आधारमा यस कार्यक्रम अन्तर्गत भैसी खरिद साझेदारी गर्न सकिने गरी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १० : भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत रिक्त राहत/करार दरवन्दीका शिक्षकहरुलाई यस नगरपालिका क्षेत्रभित्र मात्र सहमतिका आधारमा सरुवा गर्ने, सामुदायिक विद्यालयहरुमा सम्भव भएसम्म स्थायी शिक्षकहरुलाई मात्र प्रधानाध्यापकको जिम्मेवारी दिने र रिक्त दरवन्दीमा पदपूर्ति गर्दा विषयविज्ञ र परीक्षाको सम्पूर्ण तयारी सम्वन्धित विद्यालयले नै प्रचलित कानून बमोजिम परिक्षा संचालन गर्ने साथै अर्को व्यवस्था नहुन्जेलसम्म परिक्षा केन्द्र नगरपालिका कार्यालयमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : बागमती प्रदेश सरकारको मिति २०७९/११/१६ को सचिवस्तरको निर्णयबाट बैतेश्वर गाउँपालिकामा स्थायी दरवन्दीमा रहेका बिक्रम कार्की, अधिकृतस्तर आठौंलाई भीमेश्वर नगरपालिकामा कामकाजका लागि (३ महिना) खटिएकै कार्यालयबाट तलव भत्ता भुक्तानी हुने गरी खटि आएका बिक्रम कार्की, अधिकृतस्तर आठौंलाई हाजिर गराउन यस कार्यालयमा प्रशासन तर्फको आठौ तहको दरवन्दी रिक्त नरहेको, तलव भत्ता भुक्तानीको श्रोत समेत नखुलाईएको तथा यस नगरपालिकामा समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको संगठन संरचना (O & M) को कार्य समेत सम्पन्न भैसकेको सन्दर्भमा २०८० साल बैशाख १६ गतेदेखि यस कार्यालयमा हाजिर नगराउने र यस नगरपालिकालाई व्ययभार नपर्ने गरी निजको तलव भत्ताको स्रोत सुनिश्चितता भएमा मात्र हाजिर गराई कामकाज लगाउन सकिने व्यहोरा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशलाई पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १२ : भीमेश्वर नगरपालिकाभित्र काम गर्ने गरी दर्ता हुन चाहने र दर्ता भएका गैर सरकारी संघ/संस्था/समूह/समिति/प्रतिष्ठान आदिको गठन, परिचालन, समन्वय र व्यवस्थापन गर्नका लागि कानूनी आधार आवश्यक हुँदा महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट मस्यौदा भई आएको गैर सरकारी संस्था, उपभोक्ता समिति, गठन, परिचालन ,समन्वय तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो । साथै सवै प्रकारका समुह, संस्था, समिति गठन परिचालन गर्नका लागि एकिकृत ऐन मस्यौदाका लागि नगर कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १३ : विविध

क) भीमेश्वर नगरपालिका वडा नं. ५ मा रहेको ऐतिहासिक धार्मिक स्थल बुढाभीमसेन मन्दिरमा धार्मिक तथा पर्यटन अभिबृद्धि गर्ने उदेश्यका साथ लगाइएको धनधान्यचल शिव पुराण महायज्ञका लागि सि.नं. ५३ धार्मिक साँस्कृतिक संस्था सहायता शीर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

ख) दोलखा जिल्ला खेलकुद विकास समितिको आयोजनामा भीमेश्वर रंगशालामा संचालन भएको ९ औं राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताका लागि नगर पूर्वाधार शीर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिका वडा नं. ३ मा रहेको पुरानो कवर्ड हलमा पार्केटिंग गर्नका लागि नगर पूर्वाधार शीर्षकबाट रु २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

घ) भीमेश्वर नगरपालिका वडा नं. ३ मा निर्माणाधीन भूपू प्रहरी संगठनको भवनको छाना छाउने तथा अन्य कार्यका लागि नगर पूर्वाधार शीर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ङ) महिला विकास तथा सचेतना केन्द्र, दोलखाले प्रस्ताव गरे बमोजिम दुना टपरी तालिम कार्यक्रम संचालनका लागि सि.नं १९८ संघ संस्था साझेदारी कार्यक्रम शीर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

च) माइती मन्च, दोलखाले प्रस्ताव गरे बमोजिम एकल महिलाहरुका लागि कानुनमा महिला अधिकार सम्वन्धी अभिमूखीकरण तथा जीविकोपार्जन तालिम कार्यक्रम संचालनका लागि सि.नं. १४१ र १४२ शीर्षकहरुबाट रु १ लाख ६० हजार उपलब्ध गराउने निर्णय गरियो ।

छ) सक्रिय महिला समुह, दोलखाले प्रस्ताव गरे बमोजिम अदुवाको क्यान्डी बनाउने तालिम कार्यक्रम संचालनका लागि सि.नं १९८ संघ संस्था साझेदारी कार्यक्रम शीर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

ज) उज्यालो भविष्य संस्था, दोलखाले प्रस्ताव गरे बमोजिम महिला सशक्तिकरण एवम् क्षमता विकास अभिबृद्धि तालिम कार्यक्रम संचालनका लागि सि.नं. २१३ नगर युवा उद्यमशीलता शीर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

झ) रोजमेरी ब्युटी पार्लर, दोलखाले प्रस्ताव गरे बमोजिम डल तथा कुशन बनाउने तालिम कार्यक्रम संचालनका लागि सि.नं. २१३ नगर युवा उद्यमशीलता शीर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

ञ) पवित्रा ब्युटी पार्लर, दोलखाले प्रस्ताव गरे बमोजिम महिलाहरुको लागि केराटिन स्मुदी तथा कटिंग सम्वन्धी तालिम कार्यक्रम संचालनका लागि सि.नं. २१३ नगर युवा उद्यमशीलता शीर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

ट) ७ नं. वडा कार्यालय, मकैवारीबाट प्राप्त निवेदन बमोजिम क्रिष्टलबाट गहना बनाउने तालिम कार्यक्रम संचालनका लागि सि.नं १९८ संघ संस्था साझेदारी कार्यक्रम शीर्षकबाट रु ८० हजार उपलब्ध गराउने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत